म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१७ | अङ्क:- ९० | २०८२ फागुन ५ गते मंगलबार 17 February 2026, Tuesday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## मन्त्री तामाङलाई पितृशोक

हेटौँडा : बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री कृष्णकुमार तामाङलाई पितृशोक परेको छ। सोमबार बिहान सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-४, थकनीस्थित आफ्नै निवासमा मन्त्री तामाङका पिता श्रीमान तामाङको निधन भएको हो । नेपाली कांग्रेसका क्रियाशील सदस्य समेत रहेका श्रीमान तामाङको ८३ वर्षको उमेरमा निधन भएको हो । मन्त्री तामाङका पिता केही समयदेखि अस्वस्थ रहेका थिए । मस्तिष्क घातबाट पीडित श्रीमान तामाङ नियमित रुपमा चिकित्सकको सम्पर्कमा रहेका थिए । उनको तामाङ विधि अनुसार मेलम्ची-४, थकनीस्थित ओखेनीचौरमा दाहसंस्कार गरिने मन्त्री तामाङका स्वकीय सचिव दिपेश खनालले जानकारी दिए ।

# विद्यालयमा मतदान केन्द्र नबनाऔं

समाज संवाददाता

हेटौँडा : विद्यालयलाई मतदान केन्द्र बनाउने परिपाटी बिस्तारै हटाउँदै लैजानुपर्नेमा सरोकारवालाहरुले सुझाव दिएका छन् । हेटौँडामा सोमबार भएको आसन्न निर्वाचनको सन्दर्भमा बाल अधिकारको संरक्षणका लागि सरोकारवालाको भूमिका विषयक अन्तरक्रियामा बागमती प्रदेशका उपसभामुख सहित विभिन्न सरोकारवालाहरुले विद्यालयलाई विद्यालय नै रहन दिनुपर्नेमा जोड दिएका हुन् ।




नेपाल सरकारले स्रोत साधनको अभावले बालबालिका पढ्ने विद्यालयमा निर्वाचन गराउँदै आएकोमा यसको विकल्पको यथाशिघ्र खोजी हुनुपर्नेमा जोड दिइएको छ। यसअघि निर्माण भइसकेका सामुदायिक भवन निर्वाचनमा मतदानमा प्रयोग गर्न सकिने र निर्माण नभएको स्थानमा नयाँ सामुदायिक भवनहरु निर्माण गरी कार्य गर्न सकिने कार्यक्रमका सहभागीहरुले सुझाव दिएका छन् । कार्यक्रममा बागमती प्रदेश प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले निर्वाचनमा मात्र नभई बालअधिकार हनन् हुन नदिन सदैव सरोकारवालाहरू प्रतिबद्ध रहनु पर्ने बताउनुभयो। उहाँले सामाजिक सञ्जालबाट हुने दुरुपयोग बारे बालबालिका दुरुपयोगबाट प्रभावित बालबालिकाहरू मध्ये गरिब दलित पिछडिएका वर्गका बालबालिकाहरू बढी पीडित भएको बताउनुभयो । उहाँले विद्यालयलाई विद्यालयको रूपमा स्थापित गर्न रणनीतिक रूपमा अघि बढ्नुपर्ने र बिस्तारै राजनीतिका कामहरु विद्यालयबाट हटाउँदै जानु पर्नेमा जोड दिनुभयो ।

निर्वाचन निरन्तर चलिरहने प्रक्रिया भएकोले सकेसम्म विद्यालयमा निर्वाचन नगराउन र आगामी दिनमा सामुदायिक भवनहरु स्थापना गर्न उपमहानगरपालिकाले योजना तथा बजेट छुट्याउन प्राथमिकता दिने हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले बताउनुभयो । यसअघिका निर्वाचनहरुमा बालबालिकाहरुको अत्याधिक प्रयोग भएका थिए । ऱ्याली प्रचारप्रसार कार्यक्रम तथा मतदानस्थलमा र विजय जुलुसमा बालबालिकाको प्रयोग गरिदै आएका थिए । यी निर्वाचनका कार्यक्रमहरुमा बालबालिकालाई खाना बनाउन र भाँडा माझ्ने लगाउने, मतदाताहरुमा अल्मल्याउने, कलाकारको रुपमा प्रस्तुती दिन लगाउने, मतपत्र च्यात्न लगाउने, भरियाको रुपमा तथा विजय जुलुस ऱ्याली र चन्दा संकलन गर्न लगाइँदै आएको पाइएको छ। यसपटक भने सुरुवाती चरणमा नै बालबालिकको प्रयोग भौतिक रुपमा नभई एआइको प्रयोगबाट बढेको गुनासो सरोकारवालाहरुको छ ।

२०७९ को स्थानीय तहको निर्वाचनमा देशभरमा २ सय १६ वटा बालबालिकाहरूको दुरुपयोग गरेको घटना पाइएको थियो। १४४ वटा निर्वाचन प्रचार र ऱ्यालीमा प्रयोग गरिएको, त्यसैगरी घर दैलोमा १२ वटा, प्रचार सामग्रीका लागि बालबालिकाको प्रयोगका घटना १३ वटा, आमसभामा बालबालिकाको प्रयोगका १८ वटा घटना र निर्वाचन प्रचार कार्यक्रममा कलाकारको रुपमा बालबालिकालाई प्रस्तुत गरिएका २८ वटा घटना गरी जम्मा २ सय १६ वटा घटनाहरु पाइएको कार्यक्रममा जनाइएको छ । यसरी तत्कालिन निर्वाचनमा बालबालिकाको प्रयोग गर्ने गराउने राजनीतिक दलहरुमा तत्कालीन कांग्रेस र माओवादीको सत्ता गठवन्धन मल्लले ९८ वटा, नेकपा एमालेले ७१ ओटा, अन्य दलहरुले ३४ वटा र स्वतन्त्र उम्मेदवारले पनि १३ वटा बालबालिकाका दुरुपयोग गरेको घटना रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । खासगरी बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले सो निर्वाचनमा ११५ वटा घटना भएको पनि दाबी गरेको थियो ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम निर्वाचन आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई १ लाखसम्म जरिवाना वा उम्मेदवारी रद्द गर्न सक्ने सम्मका कार्बाही गर्ने व्यवस्था गरिएको छ । देशमा हाल १० हजार ७ सय ५४ वटा मतदान केन्द्रहरु रहेकोमा ९ हजार ४ सय ३३ वटा वटा विद्यालयहरुमा मतदान केन्द्र रहेका छन् । यसैगरी ९५ स्वास्थ्य संस्था र १ हजार २ सय २६ वटा अन्य स्थानमा मतदान केन्द्रहरु तोकिएका छन् । तीमध्ये सबैभन्दा बढी मधेस प्रदेशमा कुल २ हजार१ सय ६३ मतदान केन्द्र रहेका मध्ये १ हजार ७ सय ५६ विद्यालय मतदान केन्द्रहरु विद्यालयमा रहेका छन् । दोस्रोमा कोशीमा १ हजार ८ सय ७५ कुल मतदान केन्द्रहरु मध्ये १ हजार ७ सय १९ विद्यालयमा रहेका छन् ।

यसपटक दर्ता भएका नेपालका १३६ वटा पार्टीमध्ये १०७ वटा पार्टीले निर्वाचनमा भाग लिँदैछन् । उनीहरुले बालबालिकालाई निर्वाचनमा प्रयोग नगराउन १०७ वटै राजनीतिक दलहरुले प्रतिबद्धता जनाउनुपर्ने कार्यक्रमका सहभागीहरुले जोड दिएका छन्। पहिलेका निर्वाचनमा भन्दा पछिल्ला निर्वाचनहरुमा बालबालिकाको प्रयोग कम हुँदै देखाएको छ । यद्यपी नियन्त्रण भने हुन सकेको छैन ।

अभिभावक तथा परिवारले पनि निर्वाचनको समयमा आफ्ना बालबालिकालाई प्रयोग गर्न नदिनका लागि संरक्षक थप प्रभावकारी भूमिका खेल्नुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाहरु एवम् सञ्चारकर्मीहरुको उपस्थितिमा भएको कार्यक्रममा नेपाली काँग्रेस मकवानपुरका प्रवक्ता अर्जून चौलागाई, नेकपा एमालेकी जिल्ला सचिव सीता बिष्ट, नेपाल कम्युनिष्ट पार्टीका केन्द्रिय सदस्य प्रल्हाद लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुरका उपाध्यक्ष अर्जून प्रसाद गौतमले संयुक्त रुपमा बालबालिकालाई निर्वाचनमा प्रयोग नगर्ने र संरक्षणमा योगदान पुऱ्याउने प्रतिवद्धता जनाउँदै हस्ताक्षर समेत गर्नुभएको थियो । हिमाली नवीन समाज, सिजेप तथा इन्सेकको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रदेश निर्वाचन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विभिन्न बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाहरु एवं सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

# स्वतन्त्र पत्रकार संघको अधिवेशन चैतमा

समाज संवाददाता

हेटौँडा : स्वतन्त्र पत्रकार संघ नेपालको अधिवेवशन आगामी चैत २० र २१ गते पूर्वी नवलपरासी जिल्लाको गैँडाकोटमा हुने भएको छ। यसअघि फागुन २४ गतेका लागि तय गरिएको अधिवेशन आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण नयाँ मिति निर्धारण गरिएको हो । शनिबार गैँडाकोटस्थित संघको केन्द्रीय कार्यालयमा बसेको पदाधिकारी बैठकले अधिवेशनको नयाँ मिति तय गरेको हो ।

संघका अध्यक्ष कृष्णप्रसाद बास्तोलाको अध्यक्षतामा बसेको बैठकले अधिवेशनलाई सभ्य र भव्यरुपमा सम्पन्न गर्न, गराउन जिल्ला समितिलाई फागुन मसान्तसम्ममा अधिवेशन प्रतिनिधिको विवरण पठाउन परिपत्र गर्ने निर्णय भएको उपमहासचिव सुरेश श्रेष्ठले जानकारी दिनुभएको छ। २८ वटा जिल्लामा शाखा विस्तार भएको स्वतन्त्र पत्रकार संघ नेपालले हालै बागलुङ र सुर्खेत जिल्लामा पनि शाखा विस्तार गरेको छ। अधिवेशनको अवसरमा स्वतन्त्र पत्रकार संघले 'स्वतन्त्र सन्देश' स्मारिका पनि विमोचन गर्ने जनाएको छ।

नेपाल पत्रकार महासंघमा राजनीतिक दल निकट पत्रकार संगठनहरुको पेशागत भन्दा राजनीतिक स्वार्थप्रेरित भूमिका देखिएपछि २०६८ सालको नेपाल पत्रकार महासंघको अधिवेशनका क्रममा स्वतन्त्र पत्रकार संघ नेपालको परिकल्पना गरिएको हो । पछिल्लो समय स्वतन्त्र पत्रकारिताको महत्व अझ बढ्दै गएको उल्लेख गर्नुहुँदै अध्यक्ष बास्तोलाले संघको सक्रियताले विश्वसनीय र स्वतन्त्र पत्रकारिताको विकासमा थप काम गर्ने प्रेरणा नयाँ पुस्तामा विकसित गर्दै जानु आवश्यक रहेको बताउनुभएको छ ।

## सूचना !! सूचना !! सूचना !!

Biometric Verification गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको च.नं. ३६०३ को मिति २०८२/१०/२५ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुले नयाँ निवेदन दर्ता तथा नवीकरण गर्दा Biometric verification गरेकोमा विविध कारणले Biometric verification नभएका सम्पूर्ण लाभग्राहीहरुको Biometric verification फागुन १ गते देखि १५ गतेसम्म गर्नुपर्ने भएको र फागुन १५ गतेभित्र Biometric verification नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुनाले यथाशिघ्र यस वडा कार्यालयमा सम्पर्क राखी Biometric verification गर्न गराउन हुनका साथै सो अवधिमा Biometric verification नगरेमा सामाजिक सुरक्षा भत्ता नपाईने हुँदा सो को जिम्मेवारी सोही लाभग्राही रहने व्यहोरा निर्देशनअनुसार जानकारीका लागि यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गराईन्छ ।

**१ नम्बर वडा कार्यालय**

**हेटौंडा उपमहानगरपालिका मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

# सुमोको ठक्करबाट बालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : आईतबार सुमोले ठक्कर दिँदा एक बालकको मृत्यु भएको छ । सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-३, लामसातीमा सुमोको ठक्करले एक बालकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

आईतबार अपरान्ह १२ बजेको समयमा मध्यपहाडी लोकमार्ग सडकखण्डमा सोलुबाट काठमाडौंतर्फ जाँदै गरेको ना १ ज ४६२३ नम्बरको सुमोले ठक्कर दिँदा पैदलयात्री गोलन्जोर-२ का ९ वर्षीय अषिक बयलकोटी घाइते भएका थिए । घाइते बयलकोटीलाई आईतबार दिउँसो ३ बजेको समयमा गोलन्जोर आधारभूत अस्पतालका डाक्टरले मृत्त घोषणा गरेको हो । सुमो र सुमो चालक नेचसल्यान गाउँपालिका-२ बस्ने २७ वर्षीय गोपाल भुजेल प्रहरीको नियन्त्रणमा रहेको छ ।

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**




**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**

**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**



- ❖ पन्चतत्व सन्तुलित राख्न,
- ❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
- ❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
- ❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
Mobile Numerology, Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095




के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# एसईईलाई बढी महत्व

विद्यालय तहको वार्षिक परीक्षाहरु नजिकिँदै छन् । कक्षा ९ सम्मका परीक्षा चैतको दोस्रो साताबाट सुरु हुनेछ भने कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) चैत १९ गतेबाट सुरु हुने भएको छ । कक्षा १२ को परीक्षा पनि वैशाख दोस्रो साताबाट हुने सम्भावना रहेको छ । नेपालमा एक दशक अघिसम्म कक्षा १० को वार्षिक परीक्षा अर्थात् एसएलसीलाई विद्यालय तहको अन्तिम परीक्षाको रुपमा लिइन्थ्यो । विसं १९९० सालबाट सुरु भएको एसएलसी परीक्षाको चासो र चर्चा निकै हुन्थ्यो । उच्च श्रेणी हासिल गर्नुमात्र नभई एसएलसी उत्तीर्ण हुनुलाई पनि ठूलो शैक्षिक सफलता मानिन्थ्यो । २०७२ सालमा नयाँ संविधान जारी भएपछि विद्यालय तहको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिइयो र कक्षा १२ सम्म विद्यालय तहको शिक्षा कायम भयो । कक्षा १२ को परीक्षालाई एसएलसीको रुपमा राष्ट्रियरुपमा सञ्चालन गर्ने, कक्षा १० को परीक्षालाई प्रदेशस्तरमा सञ्चालन र व्यवस्थापन गर्ने अनि कक्षा ८ को आधारभूत तहको परीक्षालाई स्थानीय तहले सञ्चालन र व्यवस्थापन गर्ने भनिए पनि कक्षा १० को परीक्षा राष्ट्रियरुपमा सञ्चालन हुँदै आएको छ ।

यस वर्षको एसईई सुरु हुन डेढ महिना बाँकी छ । एसईईलाई कक्षा ११ प्रवेश गर्ने एउटा आधारमात्र मानिनुपर्ने भए पनि यसलाई आज पनि विगतको एसएलसीजस्तै "आइरन गेट"कै रुपमा महत्व दिने गरिएको छ । विद्यार्थी, अभिभावक, विद्यालयमात्र नभई अहिले स्थानीय सरकारसमेत एसईईको नतिजा सुधार गर्न निकै सक्रिय बन्ने गरेका छन् । एसईई दिने विद्यार्थीलाई शैक्षिक सत्रको सुरुदेखि नै अतिरिक्त कक्षाको व्यवस्थामात्रले नपुगेर केहि विद्यालयहरुले बन्द प्रशिक्षणमा राखेर पठनपाठन गराइरहेका छन् । मकवानपुरको बकैया गाउँपालिकाका तीनवटा विद्यालयले बन्द प्रशिक्षणमै राखेर पठनपाठन गरेका छन् भने अन्य विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गरेका छन् । राक्सिराङ गाउँपालिका र भीमफेदी गाउँपालिकाका ४-४ वटा विद्यालयले आवासीय सुविधासहित पठनपाठन गराइरहेको छ । इन्द्रसरोवर गाउँपालिकाका २ वटा र मकवानपुरगढी गाउँपालिकाका ९ वटा विद्यालयले समेत बन्द प्रशिक्षणमा राखेर कक्षा सञ्चालन गरिरहेको छ ।

गत वर्षको एसईईमा जिल्लाका विभिन्न पालिकाका केही विद्यालयको नतिजा कमजोरमात्र नभई शून्य नै रहेकाले पनि पालिकाहरुले एसईईको नतिजा सुधार गर्न विशेष ध्यान दिएका छन् । पालिका तथा सम्बन्धित वडाहरुले आवासीय सुविधा तथा अतिरिक्त कक्षाका लागि विद्यालयहरुलाई आर्थिक सहयोगसमेत गरेका छन् । यस वर्ष मकवानपुर जिल्लाबाट ७ हजार २ सय जना विद्यार्थी एसईईमा सहभागी हुने भएका छन् । गत वर्ष मकवानपुरबाट नियमिततर्फ ५ हजार ८ सय ८४ जना विद्यार्थी सहभागी भएकामा २ हजार ७ सय ५९ जनामात्र उत्तीर्ण भएका थिए । एसईईको कमजोर नतिजा सुधारका लागि प्रयत्न हुनु सकारात्मक छ । पछिल्लो समय मोबाइल तथा इन्टरनेटको सहज पहुँच र प्रभावका कारण विद्यार्थीहरु घरमा पढ्न नचाहने अवस्थामा विद्यालयहरुले आवासीय व्यवस्थासहित पठनपाठन गर्नुपर्ने बाध्यताजस्तै भए पनि कक्षा १० लाई मात्र यस्तो गरिनुलाई अर्थपूर्णरुपमा हेर्नु आवश्यक छ ।

विद्यार्थीले हरेक कक्षा र तहका लागि निर्धारित सिकाइ उपलब्धि हासिल गर्नु आवश्यक छ । एसईईलाई "हाउगुजी" बनाएर बाल मनोविज्ञानको समेत ख्याल नगरी विद्यार्थीलाई १८ घण्टासम्म बन्द प्रशिक्षणको नाममा पढाउनु भनेको एक प्रकारको यातनाजस्तै हो । यस्तो परिपाटीले केही विद्यालय तथा विद्यार्थीको नतिजा सुधार होला तर किन एसईईको मात्रै नतिजा सुधारको चिन्ता र चासो भन्ने गम्भीर सवाल उत्पन्न गरेको छ । पालिका, विद्यालय, शिक्षक, अभिभावक सबैले सबै कक्षाको नतिजा सुधारका लागि उत्तिकै ध्यान किन नदिएको ? तल्लो कक्षादेखि नै नतिजा सुधार हुँदै जाने हो भने एसईईको नतिजा आफैं सुधार हुँदैन र ? एसईईमा राम्रो ग्रेड ल्याउँदैमा तल्ला कक्षामा सिक्नुपर्ने ज्ञान, सिप विद्यार्थीले सिकेको हुन्छ त ? यस्ता प्रश्नको जवाफ खोज्नु आवश्यक छ । कक्षा १० भन्दा तल्ला कक्षा र माथिका कक्षाको नतिजा सुधार गर्नु नपर्ने अनि एसईईको नतिजामात्रै सुधारेर के र कस्तो शैक्षिक उपलब्धि हासिल गर्न खोजेको होला ? एसईईलाई बढी महत्व दिएर अन्य कक्षालाई बेवास्ता गर्नु न्यायसंगत हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : चिठ्ठा पुरस्कार आदिबाट लाभ प्राप्त होला । |
| वृष | : ज्ञानमूलक विषयमा सक्रिय भइने सयम छ । |
| मिथुन | : आर्थिक र व्यवहारिक गतिविधिले सुताउला । |
| कर्कट | : निर्णयात्मक काममा ध्यान केन्द्रित हुँदैन । |
| सिंह | : बाचाबन्धन पूरा गर्न खट्नुपर्ने समय छ । |
| कन्या | : रोकिएका कामहरु बन्ने समय योग छ । |
| तुला | : व्यवहारिक र लचिलो बनाउने प्रयास गर्दा राम्रो । |
| वृश्चिक | : दौडधूप र परिश्रम गर्नुपर्ने समय योग छ । |
| धनु | : राज्यपक्षबाट लाभ प्राप्त हुने समय योग छ । |
| मकर | : सामाजिक दायित्व बढ्ने समय योग रहेको छ । |
| कुम्भ | : परिस्थिति विपरीत रहनाले मन खिन्न होला । |
| मीन | : जोखिम र सङ्कटसँग बच्नुपर्ने समय योग छ । |

# निर्वाचन र सूचनाको चक्रव्यूह

**प्रविधिलाई नागरिक सचेतना र सुसूचित निर्णयका लागि प्रयोग गर्ने कि यसको दुरूपयोगलाई सामान्य ठान्दै लोकतन्त्रको जग कमजोर पार्ने? निर्णय तपाईंकै हातमा छ ।**



डा. भूमिराज चापागाईं

आम निर्वाचन लोकतन्त्रको त्यो आधारशिला हो, जहाँ तपाईं-हामीजस्ता नागरिकले आफ्नो मताधिकार प्रयोग गरेर आगामी पाँच वर्षका लागि देशको भविष्य कोर्नका लागि प्रतिनिधि छान्ने अवसर पाउँछौं । निर्वाचनलाई स्वतन्त्र, भयरहित र कुनै पनि दबाब वा प्रभावमुक्त बनाउनु नै लोकतन्त्रको वास्तविक मर्म हो । तर, अघिल्ला निर्वाचनहरू सम्झनुहोस् त ? त्यतिबेला 'मसल' (शक्ति) र 'मनी' (पैसा) नै मुख्य चुनौती हुन्थे। कसले कति खर्च गर्यो वा कहाँ धाँधली भयो भन्ने चिन्ता हुन्थ्यो ।

तर आज, समय बदलिएको छ । अहिले तपाईंको खल्तीमा रहेको मोबाइल फोनमा आउने एउटै 'म्यासेज' (सूचना) निर्वाचनका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ । अब मनी र मसलका अलावा भ्रामक म्यासेज ठूलो चुनौती बन्नेवाला छ ।

हाम्रो सामान्य दैनिकीलाई कल्पना गरौं । बिहान उठेर नित्यकर्म सकेसँगै तपाईं आफ्नो परिवारका सदस्यहरूसँग बसेर चिया पिउँदै हुनुहुन्छ । चुनावको समय छ । बाहिर निर्वाचनबारे कुराकानी, छलफल तथा आफ्ना-आफ्ना तर्कवितर्क चलिरहेका छन् । माइकिङ भइरहेको छ, उम्मेदवार सानो-ठूलो सङ्ख्यामा कार्यकर्तासहित भोट माग्न घरदैलोमा छन् । दलका झन्डाहरू फहराइरहेका छन् ।

तपाईं चिया पिउँदै मोबाइलमा सामाजिक सञ्जाल फेसबुक, टिकटक वा युट्युब खोल्नुहुन्छ । स्क्रिनमा अचानक एउटा सनसनीपूर्ण शीर्षक देखिन्छ- 'फलानो दलको पार्टी कार्यालयमा तोडफोड, फलानो दलका कार्यकर्ताले तोडफोड गरेको फलाना नेताको दाबी ।'

तोडफोडको समाचारले तपाईंलाई रिस उठ्छ । तपाईंलाई लाग्छ, 'ओहो ! लोकतन्त्रमा यसरी अर्काको पार्टी कार्यालय तोडफोड गर्न पाइन्छ ? फलानो दल वा नेता कस्तो अराजक भएको ?' तपाईं न त त्यो सूचनाको मूल स्रोत खोज्नुहुन्छ, न त त्यसको आधिकारिकता जाँच गर्नुहुन्छ ।

तपाईंको हातले सोच्दै नसोची 'सेयर' वा 'रियाक्सन' बटन थिचिहाल्छ। तपाईंलाई लाग्छ, तपाईंले एउटा ठूलो नागरिक कर्तव्य पूरा गर्नुभयो । तर, तपाईंलाई थाहा छ ? तपाईंले भर्खरै 'सामाजिक सञ्जाल दुरुपयोग' मा योगदान गर्नुभयो ।

निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दलहरूबीच चुनावी प्रचार-प्रसार, आगामी पाँच वर्षका प्रतिज्ञा र आरोप-प्रत्यारोपको शृङ्खला तीव्र हुनु स्वाभाविक हो । तर, यही सरगर्मीमा मिसिएर आउने गलत सूचना र अफवाहले तपाईं-हामीजस्ता नागरिकको धारणालाई मात्र प्रभावित पार्दैन, यसले समग्र समाजलाई नै अन्योल, अविश्वास र अस्थिरतातर्फ धकेल्ने गम्भीर खतरा निम्त्याउँछ ।

नेपाल मिडिया सर्भेका पछिल्ला तथ्याङ्कहरूलाई सरसर्ती हेर्दा एउटा डर लाग्दो चित्र देखिन्छ । हामीमध्ये अधिकांश सामाजिक सञ्जाल प्रयोगकर्ताको मोबाइल स्क्रिनमा दैनिक रूपमा कुनै न कुनै गलत वा भ्रामक सूचना आइरहेको हुन्छ । विडम्बना त के छ भने, हामीमध्ये धेरैलाई आफूले प्राप्त गरेको सूचना साँचो हो कि झूटो भनेर छुट्याउन सक्ने आत्मविश्वास नै छैन वा हामी सक्दैनौं वा त्यतातर्फ लाग्दैनौं ।

हामी केवल सूचनाका 'उपभोक्ता' मात्र बनेका छौं, 'सत्यको संवाहक' होइन । यसको मतलब हाम्रो स्क्रिनमा आउने सबै सूचना, समाचार, भिडियो वा फोटा गलत नै हुन्छन् भन्ने होइन, तर ती सबै पूर्णरुपमा सत्य हुन् भन्ने पनि होइन। सूचनाको यो बाढीमा हामीले प्राप्त गर्ने सूचना, समाचार, भिडियोहरु कतै न कतै तोडमोड गरिएका वा भ्रामक हुने जोखिम छ ।

दिउँसोको समयमा म फेरि मोबाइल स्क्रोल गर्न थाल्छु । त्यहाँ एउटा भिडियो देखिन्छ; भिडियोमा एउटा रिपोर्टको पानामा बक्स बनाएर केही लाइन वा अनुच्छेदलाई हाइलाइट गरिएको छ । भिडियोमा बोल्नेले भन्छः 'फलानो नेताले फलानो देशको बैंकमा यति पैसा जम्मा गरेको छ। नपत्याए हेर्नुस् यो रिपोर्ट। यो कुरा मैले भनेको होइन, यो रिपोर्टले भन्छ ।'

भिडियो हेरेपछि मलाई मनमनै रिस उठ्छ । नेताका प्रति आक्रोश पैदा हुन्छ । यो देश यस्तै नेताका कारण बर्बाद भएको हो भन्ने भाव मनमा आउँछ । भिडियो नै छ त, भिडियोमा पनि रिपोर्ट देखाएर किटान गरेर नै भनेको छ । कसरी यो कुरा झूटो होला भन्ने भाव मनमा आउँछ । मैले आक्रोश र आवेगमा त्यो भिडियोमा नेगेटिभ रियाक्ट गर्छु । अनि कमेन्टमा नराम्रो गाली पनि गर्छु ।

यहाँ न त मैले त्यो भिडियोमा भएको रिपोर्ट खोजी गरी पढ्ने प्रयास गरेँ, न त साँच्चै नै ती नेताले विदेशी बैंकमा पैसा राखेका हुन् त भनेर अर्को स्रोत भेरिफाई गरेँ । यस्तो अवस्थामा मैले हेरेको भिडियोमा भएका सामग्री सही हुन् कि गलत हुन् भनेर छुट्याउनतर्फ म लागिनँ । प्रथम दृष्टिमा मलाई जे लाग्यो म त्यसैका आधारमा धारणा बनाएँ र प्रतिक्रिया दिएँ ।

निर्वाचनका बेला यस्ता डिजिटल हतियारहरू मतदातालाई भ्रमित गर्नका लागि प्रयोग भइरहेका हुन्छन् । एउटा सानो पुरानो भिडियोको टुक्रा काटेर अहिलेको सन्दर्भमा जोडिन्छ र एउटा नयाँ 'झूटो कथा' निर्माण गरिन्छ । यसको उद्देश्य तपाईंलाई सुसूचित गर्नु होइन, तपाईंको मनमा आक्रोश, रिस, डर वा घृणा पैदा गर्नु हो । यसबारे तपाईं कत्तिको सचेत हुनुहुन्छ? हामी 'भिडियो छ त' भन्दै जुनसुकै कुरामा सजिलै विश्वास गर्यौं भने त्यसले हाम्रो विवेकलाई बन्धक बनाई डिजिटल चक्रव्यूहमा पुर्याइदिन्छ । निर्वाचन जस्तो संवेदनशील समयमा यस्तो भ्रमले मतदाताको धारणा मात्र होइन, सामाजिक सद्भाव र शान्ति सुरक्षालाई समेत गम्भीर रुपमा प्रभावित पार्न सक्छ ।

तपाईंलाई आफूले सचेत नागरिकको कर्तव्य पालना गरेको लाग्ला । तर यहाँ नियतले ठूलो काम गर्छ । समाजमा गलत सूचना दुई तरिकाले फैलिरहेका छन् । एकथरीले अज्ञानताको कारण सूचनाको सत्यतथ्य थाहा नपाइकन वा नबुझीकन नै गलत सूचना फैलाइरहेका छन्, जसलाई 'मिसइन्फर्मेसन' भनिन्छ । तर अर्काथरीले भने निश्चित राजनीतिक स्वार्थ वा आर्थिक फाइदाका लागि जानीजानी गलत सूचना फैलाइरहेका छन्, जसलाई 'डिसइन्फर्मेसन' भनिन्छ । समाजका लागि यी दुवै हानिकारक छन् ।

जानेर वा नजानेर गलत सूचना फैलाउने छुट कसैलाई पनि छैन । निर्वाचनको समयमा विपक्षीलाई बदनाम गर्न, विपक्षीका बारेमा अफवाह फैलाउन, मतदातालाई भ्रममा पार्न वा चुनावी वातावरण वा नतिजामाथि अविश्वास बढाउन यस्ता 'डिसइन्फर्मेसन' अभियानहरू चलाइन्छन्। यसका साथै, धेरै लाइक, सेयर र भ्युज पाएर आर्थिक लाभ लिनका लागि पनि सनसनीपूर्ण झूठा खबरहरू फैलाउने एउटा ठूलो 'फेक न्युज इकोनोमी' सक्रिय भएको हुन्छ ।

साँझ पर्दै जान्छ । घरपुगेपछि मेरो हात फेरि मोबाइलमै जान्छ । फेसबुक खोल्छु । मेरो मोबाइलको स्क्रिनमा एउटै पार्टी वा उम्मेदवारका पक्षमा मात्र सामग्रीहरू आउन थाल्छन् । युट्युबतिर आँखा डुलाउँछु । युट्युबमा पनि त्यही पार्टी वा उम्मेदवारका बारेमा मात्र सामग्रीहरू देख्छु । मलाई लाग्छ, 'ओहो ! देशैभरि माहोल त यिनकै रहेछ, सबैले यिनलाई नै रुचाएका रहेछन् !'

तर मलाई यो थाहा छैन कि म सामाजिक सञ्जालको एउटा अदृश्य 'अल्गोरिदम' को चक्रव्यूहमा परिसकेको छु। तपाईंले याद गर्नुभएको छ ? यदि तपाईंले एउटा पार्टी वा उम्मेदवारको समर्थनमा रहेका भिडियोहरू धेरै हेर्न थाल्नुभयो भने तपाईंको फेसबुक वा युट्युबको 'फिड' भरि त्यस्तै सामग्री मात्र आउन थाल्छन् । यसलाई सामाजिक सञ्जालको 'अल्गोरिदम' भनिन्छ ।

सामाजिक सञ्जालका मेसिनहरूले मैले गरेका हरेक 'लाइक', 'सेयर' र 'भ्युज' को अध्ययन गरिरहेका हुन्छन् । उनीहरूले मलाई त्यही कुरा मात्र देखाउँछन् जुन मैले हेर्छु र मलाई मन पर्छ । सामाजिक सञ्जालले सूचनाको एउटा यस्तो चक्रव्यूह सिर्जना गरिदिन्छ कि मलाई पत्तै नपाउने गरी सीमित सूचनाको घेराभित्र कैद गरिसकेको हुन्छ । अब म आफ्नो मोबाइल स्क्रिनमा आउने वा देखिने भिडियो/जानकारी/सूचनाबाहेक अरू केही पनि थाहा नपाउने अवस्थामा पुगिसकेको हुन्छु । मलाई मेरो स्क्रिनमा आउने सामग्री नै संसार हो जस्तो लाग्छ । बाहिरको संसार मलाई झूटो लाग्छ । म फरक विचार वा तथ्य देख्नै पाउँदिनँ । मलाई लाग्छ 'सबैको धारणा यही हो' । जब कोही साथीले फरक तथ्य प्रस्तुत गर्छ, म ऊमाथि शंका गर्न थाल्छु, रिसाउन थाल्छु र उसलाई 'अनफ्रेन्ड' गरिदिन्छु । यसरी म नजानिँदो ढङ्गले समाजबाट एक्लिँदै र सत्यभन्दा धेरै टाढा पुग्छु । कतै तपाईं पनि सामाजिक सञ्जालको अल्गोरिदमका कारण सत्यभन्दा धेरै टाढा पुगिसक्नु भएको त छैन ?

तसर्थ हामीले सामाजिक सञ्जालमा आउने भ्रामक सूचना वा 'एआई' ले बनाएका भिडियोका आधारमा मात्र धारणा बनायौं भने सही छनोटसम्म नपुग्न पनि सक्छौं । एउटा सचेत मतदाताले उम्मेदवार छान्दा केही आधारभूत प्रश्नहरूबारे सोच्नै पर्छ, थाहा नभए अरूलाई सोध्नै पर्छ । जस्तैः उम्मेदवारको वास्तविक क्षमता कति छ ? उम्मेदवारको समाजप्रतिको जिम्मेवारी, उम्मेदवारका यसअघिका अभिव्यक्ति, आपराधिक क्रियाकलापमा संलग्न भएको वा नभएको, नैतिक आचरण कस्तो छ ? संसद् भनेको कानुन बनाउने थलो हो; के उम्मेदवारसँग कानुन बनाउने ठाउँमा पुग्दा चाहिने आवश्यक ज्ञान, सीप र अनुभव छ ? उम्मेदवारको विगतको पृष्ठभूमि र समाजमा पुर्याएको योगदान के छ ? यी कुराहरू हेरेर मात्र उम्मेदवार छान्दा ठीक उम्मेदवार ठीक ठाउँमा पुग्न सक्छन् । अन्यथा, सामाजिक सञ्जालको भ्रममा परेर गलत निर्णय लिइयो भने अवस्था झन् खराब हुन सक्छ । को राम्रो भनेर छुट्याउन पाउने अन्तिम अधिकार र जिम्मेवारी तपाईंकै हो ।

नेपालको सन्दर्भमा डिजिटल साक्षरताको अभावले गर्दा गलत सूचना फैलाउन झनै सजिलो भएको छ । विशेष गरी जोसँग सूचनाका सीमित स्रोतहरु छन्, र एउटै स्रोतमा मात्रै भर पर्छन्, उनीहरू 'पहिलो सूचना' लाई नै विश्वास गरेर धारणा बनाउने सम्भावना बढी हुन्छ । उनीहरूलाई आफूले प्राप्त गरेको सूचना गलत हुन सक्छ भन्ने कुराको जानकारी नै हुँदैन ।

अब प्रश्न उठ्छः सूचनाको यो विशाल बाढीमा कुन सूचना सत्य हो र कुन सूचना गलत हो भन्ने कसरी थाहा पाउने ? त्यसका लागि हामीले सूचना ग्रहण गर्ने हाम्रो आनीबानी नै परिवर्तन गर्नुपर्छ । कुनै पनि सामग्री देख्ने बित्तिकै पत्याउनुअघि आफूले आफैँलाई केही प्रश्न सोध्नुपर्छ । जस्तैः यो सूचना वा भिडियो कसले बनाएको हो ? यसको मूल स्रोत कहाँ छ ? यो भिडियो वा फोटो कति पुरानो हो ? के यो अहिलेकै सन्दर्भको हो वा पुरानो घटनालाई नयाँ भनिएको छ ? के अन्य विश्वसनीय र स्थापित मिडियाले पनि यो कुरा भनेका छन् ? यदि यी प्रश्नको चित्तबुझ्दो जवाफ पाउनुभयो भने मात्र ती सूचनाहरू सत्य हुन् । अन्यथा कसैले जानीजानी वा अन्जानवश फैलाएका मिथ्या सूचना हुन सक्छन् । हामीले चिनेको वा विश्वास गरेको व्यक्तिले सेयर गर्दैमा सबै सूचना वा समाचार सत्य नहुन पनि सक्छ, किनकि उनले पनि समाचार वा सूचना नबुझी सेयर गरेको हुन सक्छ । त्यसैले, कुनै पनि सामग्रीमा लाइक, कमेन्ट वा सेयर गर्नुअघि त्यसको आधिकारिकता जाँच गर्नु नागरिकको जिम्मेवारी हो ।

नेपाल मिडिया सर्भे २०२४ का अनुसार नेपालमा अत्यन्त थोरै मानिसले मात्र सूचनाको 'फ्याक्ट चेक' वा सत्यापन गर्छन् । आफूले प्राप्त गरेको सूचना वा समाचार झूटो हो भन्ने थाहा पाएपछि पनि निकै थोरै मानिसले मात्र सूचना गलत हो भनेर साथी तथा परिवारका सदस्यलाई भन्छन् र त्यसलाई सच्याउनका लागि सम्बन्धित ठाउँमा रिपोर्ट गर्छन् । अर्थात् गलत सूचना हो भन्ने थाहा पाएर पनि हामी चुपचाप बस्छौं । गलत सूचनाबाट जोगिन, जोगाउन वा रोक्नका लागि कुनै कदम चाल्दैनौं । हाम्रो यस्तै उदासीनताका कारण गलत सूचना फैलाउनेहरूलाई बल पुगिरहेको छ ।

निर्वाचन लोकतन्त्रको सुन्दर उत्सव हो, जहाँ हामी प्रत्येकको एउटा भोटले देशको भविष्य निर्धारण गर्छ। तर गलत र आपराधिक नियत भएका र डिजिटल साक्षरता नभएका मानिसहरूका कारण सामाजिक सञ्जालको दुरुपयोग हुन गई यो उत्सवलाई विषाक्त बनाउने र हाम्रो विवेकलाई भ्रमित पार्ने ठूलो जोखिम पनि उत्तिकै छ । प्रविधि आफैँमा खराब होइन, तर यसको प्रयोग कसरी गर्ने भन्ने कुरा हाम्रो डिजिटल व्यवहारमा भर पर्छ । प्रविधिलाई नागरिक सचेतना र सु-सूचित निर्णयका लागि प्रयोग गर्ने कि यसको दुरुपयोगलाई सामान्य ठान्दै लोकतन्त्रको जग कमजोर पार्ने ? निर्णय तपाईंकै हातमा छ ।

निर्वाचनका बेला मिडियाको भूमिका केवल खबर दिनु मात्र होइन, समाजलाई सही सूचनाबाट सुसूचित बनाउनु पनि हो । सनसनीपूर्ण शीर्षक राखेर भ्युज बटुल्ने होडबाजीले गलत सूचनालाई झनै प्रश्रय दिन्छ । सञ्चारमाध्यमहरूले ब्रेकिङ न्युजको पछाडि दौडनुभन्दा तथ्य जाँचलाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ । निर्वाचन आयोगले आधिकारिक सूचनाहरू छिटो र सुलभ रूपमा उपलब्ध गराउनुपर्छ ताकि गलत सूचनाले नागरिकलाई भ्रमित पार्न नपाओस् ।

भोलि बिहान उठ्दा तपाईंको हातमा त्यही मोबाइल हुनेछ । फेरि त्यस्तै सनसनीपूर्ण समाचारहरु तपाईंको स्क्रिनमा देखिनेछन्। तर अब तपाईंको औंलाले 'सेयर' बटन थिच्नुअघि तपाईंको मस्तिष्कले प्रश्न गरोस्: 'के यो सत्य हो ?' निर्वाचन नजिकिँदै गर्दा राज्य, मिडिया र नागरिक सबैले एउटा सङ्कल्प गरौं- गलत र भ्रामक सूचनालाई स्थान नदिने, सत्यलाई प्राथमिकता दिने र जिम्मेवार डिजिटल व्यवहारलाई आफ्नो संस्कार बनाउने । निर्वाचनलाई सत्य, विवेक र सुसूचित निर्णयको उत्सव बनाऔं । *(स्रोत: अनलाईनखबर)*

# विद्युतीय गाडी बिक्रीमा नेपाल संसारकै दोस्रो स्थानमा

काठमाडौं : विद्युतीय गाडी (ईभी) बिक्रीमा नेपालले संसारकै दोस्रो स्थान ओगटेको छ । सन् २०२५ मा संसारभरिबाट बिक्री भएका ईभी कारहरूमा नेपाल सबैभन्दा बढी बिक्री गर्नेमा दोस्रो स्थानमा रहेको हो । पहिलो नम्बरमा युरोपको नर्वे रहेको छ ।

नर्वेले २०२५ मा ९७ प्रतिशत नयाँ ईभी गाडी बिक्री गरेर संसारकै पहिलो बनेको थियो भने नेपाल दोस्रो स्थानमा रहेको थियो । नेपाल विश्वव्यापी रूपमा दोस्रो स्थानमा छ । २०२५ मा नयाँ कार बिक्रीको ७३ प्रतिशत हिस्सा ईभीले ओगटेको अनुमान गरिएको छ । जबकि, २०१९ मा केवल ८ प्रतिशत मात्रै थियो । २०१९ र २०२५ बीचको ईभी बिक्री हिस्सा हेर्दा नेपालमा २०१९ को तुलनामा २०२५ मा ईभी कार बिक्री ह्वात्तै बढेको हो ।

चीन परिमाणका हिसाबले सबैभन्दा ठूलो ईभी बजार हो, जहाँ २०२५ मा १ करोड ३० लाखभन्दा बढी ईभी बिक्री भएको थियो । २०१९ मा धेरैजसो देशमा विद्युतीय सवारीसाधन अझै पनि एक विशिष्ट खरिद थिए, जसले नयाँ कार बिक्रीको एकल-अंकको हिस्सा ओगटेको थियो । २०२५ सम्म धेरै बजारमा ईभी प्रमुख स्थानमा सरेका थिए । नर्वेमा ईभीले नयाँ कार बिक्रीको ९७ प्रतिशत ओगटेको अनुमान गरिएको थियो, जसको अर्थ बेचिने लगभग हरेक नयाँ कार विद्युतीय थियो । धेरै अन्य देशले ५० प्रतिशत थ्रेसहोल्ड पार गरे र चीनमा ईभीहरुले विश्वको सबैभन्दा ठूलो अटो बजारमा सबै नयाँ कार बिक्रीको आधा भन्दा बढी ओगटेका थिए ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी र एम्बरको तथ्यांक अनुसार ईभीमा ब्याट्री इलेक्ट्रिक सवारीसाधन र प्लग-इन हाइब्रिड इलेक्ट्रिक सवारीसाधन दुवै समावेश छन् । नेपालले सन् २०१९ को तुलनामा ६१ प्रतिशत इभी बिक्री बढाएको थियो । यो अवधिमा फिनल्यान्ड र डेनमार्क दुवैले ५० प्रतिशतभन्दा बढी पुऱ्याएका छन् । प्रतिशतका हिसाबले नर्वे अग्रणी छ भने पूर्ण संख्यामा चीनले प्रभुत्व जमाएको छ । २०२५ मा चीनमा ईभी बिक्री १ करोड ३२ लाखभन्दा बढी पुग्ने अनुमान गरिएको छ, जुन नयाँ कार बिक्रीको ५३ प्रतिशत हो । यसले चीनलाई मात्राको हिसाबले सबैभन्दा ठूलो ईभी बजार र बजार हिस्साका हिसाबले सबैभन्दा छिटो बढ्दो बजारमध्ये एक देखिएको छ ।

अमेरिकाको ईभी बिक्री हिस्सा २०२५ मा १० प्रतिशत छ । यो भनेको लगभग १६ लाख युनिट हो । यूरोपका बजारहरूमा समेत ईभीको बढ्दो बिक्री देखिएको छ । बेल्जियम ४३ प्रतिशत, नेदरल्यान्ड्स ५६, पोर्चुगल ३७ र बेलायत (३३ प्रतिशत सहित अन्य देशले २०१९ को तुलनामा उल्लेख्य वृद्धि गरेका छन् ।

*स्रोत : अनलाइनखबर ।*

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## नयाँ रेस्टुरेन्ट खोल्दै हुनुहुन्छ ? यो सुनौलो अवसर नछुटाउनुहोस् !

✔ चलिरहेको रेस्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् ।

✔ भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा ।

✔ नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका ।



सम्पर्क: ९८५१०२४८६८

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
जिल्ला हुलाक कार्यालय
मकवानपुर

**"घरघरमा हुलाक, मनमनमा हुलाक"**

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरर्गत साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**
• चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
• चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपष्लन को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**
• २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
• हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**
• नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा
द्रुत डाँक सेवा (Express mail service EMS)
• छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
• हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
• हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरर्गतका सेवाहरू)**
१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण ।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं । सम्पादक

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी





आराध्या बलामी
कक्षा-१



विद्यार्थीका लागि स्थलगत अध्ययन, अवलोकन कार्य अन्तर्गत मोटरसाइकल मर्मत केन्द्र, नापको अभ्यास र राप्ती नदीमाथिको झोलुङ्गे पुलमा विवरण टिपोट गर्दै ।





## प्रकाशबारे पढ्ने रे



दाजुबहिनी मिलेर
कापी र किताब बोकेर
हातमा हात समाई
पढ्न हिँडे रमाई ॥

शिक्षक भित्र आउनुभयो
एउटा बत्ती ल्याउनुभयो
प्रकाशबारे पढ्ने रे
सबै अघि बढ्ने रे ॥

गौरभी क्षेत्री
*कक्षा-२*

# प्रलोपा उम्मेदवार विष्ट र उप्रेतीको चुनावी प्रतिवद्धता सार्वजनिक



समाज संवाददाता

हेटौंडा : आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि मकवानपुर जिल्लाका दुई निर्वाचन क्षेत्रमा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का उम्मेदवारले चुनावी प्रतिवद्धता सार्वजनिक गरेका छन् । सोमबार पत्रकार सम्मेलन मार्फत् मकवानपुर क्षेत्र नम्बर-१ का उम्मेदवार तेज प्रसाद उप्रेती (रमेश) र मकवानपुर-२ का उम्मेदवार सन्तोष विष्टले चुनावी प्रतिवद्धता सार्वजनिक गरेका हुन् ।

उम्मेदवारी दर्तासँगै चुनावी अभियानमा रहेका उनीहरुले आर्थिक समृद्धि, सुशासन र नागरिकका आधारभूत अधिकारलाई मुख्य एजेण्डा बनाएका छन् । मकवानपुर-२ का उम्मेदवार विष्ट थाहा नगरपालिका-३, बाहुनगाउँका स्थायी बासिन्दा हुन् । त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर गरेका विष्ट उद्योग र व्यापार क्षेत्रमा सक्रिय छन् भने प्रलोपाको केन्द्रीय सदस्य र विशेष प्रदेश समिति सह-इन्चार्जको जिम्मेवारीमा छन् । उनले जनयुद्धका क्रममा ६ महिना सैनिक हिरासत र २ वर्ष जेल जीवन बिताएका थिए । ८ वटा देशको भ्रमण गरिसकेका विष्टले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि गाँजा खेतीलाई औषधीय प्रयोगका लागि वैधानिकता दिने र प्रशोधन उद्योग स्थापना गर्ने क्रान्तिकारी योजना अघि सारेका छन् ।

यसैगरी, मकवानपुर- १ का उम्मेदवार ३९ वर्षीय तेज प्रसाद उप्रेती (रमेश) हेटौंडा-१९, बस्तीपुर निवासी हुन् । समाजशास्त्रमा स्नातक गरी हाल स्नातकोत्तर तहमा अध्ययनरत उप्रेती चुनावी मैदानमा छन् । उनले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, भ्रष्टाचार नियन्त्रणका लागि 'जनलोकपाल', 'राइट टु रिकल' (प्रत्यावाहन) को अधिकार र कृषिमा बिचौलिया प्रथाको अन्त्य जस्ता एजेण्डा अघि सारेका छन् । उनले युवालाई भविष्यको कर्णधार मात्र नभई वर्तमानको साझेदार शक्तिका रुपमा स्थापित गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

उनले पर्यटन विकासका लागि गुरुयोजना निर्माण, नदी कटान नियन्त्रण, वैज्ञानिक कृषि प्रणाली र निःशुल्क शिक्षा एवं स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारका रुपमा प्रत्याभूत गर्ने, हेटौंडाको शहरी क्षेत्रलाई व्यवस्थित रुपमा विकास गर्ने, दोहोरो कर प्रणाली अन्त्य गर्ने, निःशुल्क शिक्षासंगै प्रविधिमैत्री पाठ्यक्रम विकास, स्वाथ्य उपचार सुविधा नभई अधिकारको रुपमा स्थापित गर्ने प्रतिवद्धता गरेका छन् ।

सिटी कलेजको खेलकुद सुरु

# दौडमा अजिम प्रथम

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजको वार्षिक खेलकुद कार्यक्रम सोमबार सुरु भएको छ । कलेजका प्रिन्सिपल श्रीबहादुर कार्कीको अध्यक्षतामा खेलकुद कार्यक्रमको उद्घाटन भएको हो । पहिलो दिनको दौड प्रतियोगिताको उद्घाटन जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख सूर्यकुमार कार्कीले गर्नुभयो ।

प्रतियोगितामा अजिम खान प्रथम, सुजन श्रेष्ठ दोस्रो र साइलन वाईबा तेस्रो भए । दौड प्रतियोगितामा कक्षा-११ देखि स्नातक तहसम्मका २५ जना विद्यार्थीको सहभागिता रहेको कलेजका सिआइटी विभाग प्रमुख दुर्गा सिग्देलले जानकारी दिए । कार्यक्रममा एथ्लेटिक्स संघ मकवानपुरका अध्यक्ष प्रभावकर पाण्डेलगायतको आतिथ्य रहेको थियो । फागुन ६ गतेसम्म सञ्चालन हुने कलेजको खेलकुद प्रतियोगितामा टेबुल टेनिस, म्युजिकल चियर, चम्चा दौड, फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन, टग अफ वार, स्लो बाइक रेस, रिले रेसलगायतका खेलहरू सञ्चालन हुने कलेजले जनाएको छ ।

# माघमा १८७ किलोग्राम लागूऔषध गाँजा बरामद

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध तस्करी विरुद्धको सक्रियता बढाउँदै माघ महिनामा मात्रै १ सय ८७ किलोग्राम ७८४ ग्राम लागूऔषध गाँजा बरामद गरेको छ । यो परिमाण पुस महिनाको तुलनामा ३४ किलोग्राम ४१४ ग्रामले बढी रहेको छ । गत पुस महिनामा मकवानपुर प्रहरीले १ सय ५३ किलोग्राम ३७० ग्राम गाँजा समातेको थियो ।

प्रहरीले माघ महिनामा जिल्लाका विभिन्न स्थानबाट गाँजाका अतिरिक्त १ सय २१ किलोग्राम ४६६ ग्राम चरेश, २ किलोग्राम अफिम, १७ ग्राम ३४० मिलीग्राम खैरो हिरोइन, ७५० वटा नाइट्राजेपाम र १७५ वटा ट्रमाडोल ट्याब्लेट बरामद गरेको छ । यसअघि पुस महिनामा मकवानपुर प्रहरीले २ ग्राम १२९ मिलीग्राम खैरो हिरोइन, २०० वटा नाइट्राजेपाम र ६९ वटा ट्रमाडोल ट्याब्लेट बरामद गरेको थियो ।

लागूऔषधको अवैध ओसारपसार र बिक्री वितरणमा संलग्न रहेको आरोपमा प्रहरीले माघ महिनामा एक बालिकासहित ३० जनालाई नियन्त्रणमा लिएर कानुनी कारबाही अगाडि बढाएको छ । यसैगरी, लागूऔषध ढुवानीमा प्रयोग गरिएका दुईवटा अटो, एउटा पिकअप, एउटा भारतीय कार र एउटा मोटरसाइकल गरी पाँचवटा सवारीसाधन समेत प्रहरीले बरामद गरेको छ । जिल्लाका विभिन्न स्थानमा प्रहरीले चेकजाँच र निगरानीमा कडाइ गरेपछि ठूलो परिमाणमा लागूऔषध र संलग्न व्यक्तिहरू पक्राउ परेका हुन् ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




# स्वास्थ्य तथा शैक्षिक सागम्री विवरण



*स्वास्थ्य तथा शैक्षिक सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : विन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहा सञ्चार ९९.६ मेगाहर्ज हेटौँडाको आयोजनामा स्वास्थ्य तथा शैक्षिक सामग्री र आयो नुन वितरण गरिएको छ । रेडियोले आफ्नो १८ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार चौथो दिन मकवानपुरगढी गाउँपालिका-५, बुङ्दलस्थित सरस्वती प्राथमिक विद्यालयमा पुगेर बालबालिकाहरुलाई उक्त सामग्री वितरण गरेको हो ।

कार्यक्रम रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीको सभाध्यक्षता तथा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड हेटौँडाका प्रमुख मधुसुधन अधिकारीको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड हेटौँडाका प्रमुख मधुसुधन अधिकारीले नुनको सही प्रयोग गर्न आवश्यक रहेकोमा जोड दिए । आयोडिनयुक्त नुनको सही प्रयोगले कुनै स्वास्थ्य समस्या नआउने र दुई बालबालिका अंकित आयोडिनयुक्त नुन सेवन गर्न पनि आग्रह गरे ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन बहादुर रुम्बा, विद्यालयका प्रध्यानाध्यापक चर्तुभूज पौडेल, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड हेटौँडाका प्रतिनिधि बासुराम अधिकारीलगायत शिक्षक-शिक्षिका एवम् अभिभावकहरुको उपस्थिति रहेको थियो । रेडियोले आफ्नो वार्षिकोत्सवको अवसरमा फागुन १ गते हेटौँडा उपमहानगरपालिका-१ स्थित नेपाल फलफूल तथा तरकारी बजारमा सरसफाई कार्यक्रम, फागुन २ गते हेटौँडा-४ हुप्रचौर मा पत्रकार महिला र अधिकारकर्मी महिलाहरुबीच मैत्रीपूर्ण फुटबल आयोजना गरेको थियो भने फागुन ३ गते थाहा दर्शन कार्यक्रमको आयोजना गरेको थियो । यस्तै आज मंगलबार श्रोता मिलन कार्यक्रम, भोलि बुधबार हेटौँडा ऐकेडेमीको सहकार्यमा बाल साहित्य कार्यक्रम र पर्सी बिहीबार थाहा वर्ष सम्मान तथा समापन समारोह कार्यक्रम हुनेछ ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ